बेसीशहर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बेसीशहर लमजुङ ।

आन्तरिक आयको ठेक्का सम्वन्धी बोलपत्र/दरभाउपत्र आव्हानको सुचना

(प्रथम पटक प्रकाशित मिति : २०७५/०१/२८)

उपरोक्त सम्वन्धमा यस बेसीशहर नगरपालिका,बेसीशहर क्षेत्रभित्र राखिने सम्पुर्ण प्रचार प्रसार सामाग्रीहरुको व्यवस्थापन गरी कर संकलन गर्न नगरसभा बाट पारित दर रेट बमोजिम कर संकलनका लागी शिलवन्दी दरभाउ पत्र प्रथाद्धारा ठेक्का लगाउनु पर्ने भएकाले ठेक्का संचालन गर्न इच्छुक संस्था वा फर्मले तपशिलमा उल्लेखित मिति र समय भित्र खरिद गरी दरभाउ पत्र दर्ता गराउनुहुन सवैको जानकारीका लागी यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

१. दरभाउ पत्र फारम प्रथम पटक सूचना प्रकाशित मितिले ७ औं दिनको कार्यालय समय भित्र निवेदन साथ बोलपत्र फारम दस्तुर बुझाएको नगदी रसिद सहित पेश गरि खरिद गरिसक्नुपर्नेछ ।

२. ठेक्काको न्युनतम बार्षिक कबोल अंक रु १,००,०००।- (एक लाख मात्र)कायम हुनेछ । दरभाउ पत्र दाखिला गर्दा दरभाउ पत्र जमानत धरौटी बापतको रकम स्वेदशी नागरिक भए ५ प्रतिशतले र विदेशी नागरिक भए १०प्रतिशतले हुने रकम यस कार्यपालिकाको वाणिज्य बैंक, बेसीशहर शाखा को खाता नं. ३०४०३०४०३८३०४ मा दाखिला गरेको सक्कलै भौचर,नगदै वा ७५ दिनको म्याद भएको वैक ग्यारेन्टी शिलबन्दी दरभाउ पत्र साथ पेश गर्नुपर्नेछ ।

३. दररेट, शर्तहरु पालना गर्ने गरी रितपुर्वक भरी सिलवन्दी गरी दरभाउ पत्र फारम ८औं दिनको १२:०० बजेसम्म यस कार्यपालिकामा दर्ता गरिसक्नुपर्ने छ।

४. रितपूर्वक दर्ता हुन आएका बोलपत्र फारमहरु ८औं दिनको २:०० बजे दरभाउपत्रदाता स्वयं वा निजको प्रतिनिधीको रोहोवरमा यस कार्यालय मा खोलिने छ । प्रतिनिधी उपस्थीत नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

५. शिलवन्दी बोलपत्र फारममा आफुले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट बुझ्ने गरी लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

६. ठेक्का अंक को सम्पुर्ण रकम एकमुष्ट यस कार्यपालिकाको ३०४०३०४०३८३०४ वैक खातामा जम्मा गरी सक्कलै भौचर पेश गरी सम्झौताका लागी उपस्थीत हुनुपर्नेछ ।

७. बन्द, हड्ताल लगायत का कारणले ठेक्का मा कुनै वाधा आएमा त्यस बापत यस कार्यालयबाट कुनै पनि क्षतिपुर्ती मिनाहा दिईने छैन ।

८. ठेक्काको अवधि आ.व. २०७४/०७५देखि आ.व. २०७५/०७६ सम्म लागी हुनेछ ।

९. यस सुचना उल्लेख भएका कुराहरु यसै बमोजिम र यसमा उल्लेख नभएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

यस सम्वन्धी अन्य कुनै जानकारी चाहिएमा कार्यालय समय भित्र यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

प्रमुख प्रशासकिय अधिकृत

भीमप्रसाद तिवारी
प्रमुख प्रशासकीय अधिकृत